ने.रा.बैंक/इ.प्रा./'घ'/२८/०६९/०७०
कम्पनी दर्ता नं. १३४३/०६८/०६९

# एनएमबि लघुवित्त वित्तीय संस्था लि.

**NMB Laghubitta Bittiya Sanstha Ltd.**

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजत प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था

च.नं. ३६८५ २०८१/८२
मिति : २०८२/०३/१०

१. श्री नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग,

२. श्री कम्पनी रजिष्ट्रारको कार्यालय,
त्रिपुरेश्वर, काठमाण्डौ ।

३. श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
पुतलीसडक, काठमाण्डौ ।

४. श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

**विषयः बाह्रौं वार्षिक साधारण सभाको सुचना एवं सो प्रयोजनको लागि शेयरधनी दर्ता किताब बन्द हुने बारेको जानकारी सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस वित्तीय संस्थाको संचालक समितिको मिति २०८२।०३।१० गते साँझ ५ बजे वसेको १७६औ बैठकबाट निर्णय भए वमोजिम यस वित्तीय संस्थाको बाह्रौं वार्षिक साधारण सभा तथा सो प्रयोजनको लागि शेयर दाखिला खारेज बन्द गर्ने सम्बन्धमा देहाय बमोजिम निर्णय भएको ब्यहोरा जानकारीको लागि अनुरोध छ ।

**साधारण सभा हुने मिति, समय र स्थान:**

**मिति :** २०८२ साल असार ३२ गते, बुधवार (तदनुसार १६, जुलाई २०२५)

**समय :** बिहान ९:०० बजे

**स्थान :** होटल सिटि स्क्वायर प्रा.लि., पोखरा-८, न्यूरोड कास्की

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात, आ.व. २०८०/०८१ को नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण र सो सँग सम्बन्धित अनुसूचिहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आ.व. २०८१/०८२ को लेखा परीक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।

एनएमबि लघुवित्त वित्तीय संस्था लि. NMB केन्द्रीय कार्यालय NMB Laghubitta Bittiya Sanstha Ltd.

Head Office : Pokhara-8, Zenex Complex, Newroad, Kaski
Phone: 977-061- 400427, 400428, 400477, 400537, 400538
Web: www.nmbmicrofinance.com, E-mail: info@nmbmicrofinance.com

(ख) विशेष प्रस्तावहरु

१. संस्थापक तर्फको शेयर स्वामित्व परिवर्तन गरि ५१ प्रतिशत कायम गर्ने सम्बन्धी प्रवन्धपत्रको दफा ६(ङ) तथा सर्वसाधारण तर्फको शेयर स्वामित्व परिवर्तन गरि ४९ प्रतिशत कायम गर्ने सम्बन्धी प्रवन्धपत्रको दफा ६(च) तथा संस्थापक समूह अर्न्तगत मनोनित/निर्वाचित हुने सञ्चालकको संख्या सम्वन्धी नियमावलीको ३१(क) संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

२. सञ्चालक समितिको गठन, संख्या र कार्यकाल सम्बन्धी संस्थाको नियमावलीको नियम २७(२) संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

३. यस वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका अन्य लघुवित्त वित्तीय संस्थासँग गाभ्ने/गाभिने वा प्राप्ति (Merger/Acquisition) सम्बन्धी प्रकृया अगाडी बढाउन उपयूक्त देखिएमा सो प्रयोजनका लागि समिति गठन गर्ने, मूल्यांङ्कनकर्ताको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने, गाभ्ने/गाभिने वा प्राप्ति सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर गर्ने लगायतका सम्पूर्ण कार्य गर्ने अख्तियारी सञ्चालक समिति वा समितिले तोकेको पदाधिकारीलाई प्रदान गर्ने सम्बन्धमा ।

४. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट कुनै संशोधन, फेरबदल वा परिमार्जनका लागि निर्देशन भएमा सोही बमोजिम गर्न गराउन संचालक समिति वा समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

(ग) **विविध**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

३) **शेयरधनी दर्ता किताव बन्द मिति (Book close date)** : बाह्रौं वार्षिक साधारण सभा प्रयोजनार्थ मिति २०८२ असार २४ गते एक दिनका लागि वित्तीय संस्थाको शेयर दाखिला खारेजीको काम बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८२ असार २३ गते साँझ ५ बजे सम्म कारोबार भई तोकिएको समयभित्रमा यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार काठमाडौंबाट प्राप्त नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरु मात्र यस वार्षिक साधारण सभामा भाग लिन योग्य हुनेछन् ।

भवदीय,

सूर्य बहादुर थापा
(कम्पनी सचिव)

**बोधार्थ:**

१. लघुवित्त संस्था सुपरिवेक्षण बिभाग
केन्द्रीय कार्यालय, बालुवाटार, काठमाण्डौ ।

२. श्री सिडिएस एण्ड क्लियरिङ लिमिटेड
पुतलीसडक, काठमाण्डौ ।

३. श्री एनएमबि क्यापिटल लि.
बालुवाटार काठमाण्डौ ।